कर्णाली प्रदेश सरकार

भौतिक पूर्वाधार तथा शहरी विकास मन्त्रालय फोन नं.०८३-५२११२०

# यातायात व्यवस्था कार्यालय

वीरेन्द्रनगर,सुर्खेत

## प्रस्तावना तयार गर्ने बिषय बस्तुहरु

### प्रयोगात्मक परिक्षा स्थल(Trial Center)

१. प्रयोगात्मक परीक्षास्थल सवारी चालक प्रशिक्षण केन्द्र सञ्चालन निर्देशिका,२०७४ र सवारी चालक अनुमतिपत्र परीक्षा सञ्चालन कार्यविधि निर्देशिका, २०७७ मा उल्लेखित मापदण्ड पुरा भएको छ/छैन ।

२. प्रयोगात्मक परीक्षा स्थल(Trial Center)प्रयोग गरे बापत कार्यालयले कुनै पनि शुल्क वा भाडा दिने भनि सम्झौता गरिने छैन ।

३. ट्रायल सेन्टर रहेको स्थान र सोको फोटोहरु

४. ट्रायल सेन्टर र ट्रायल सेन्टर रहेको जग्गा संचालक स्वयम् को हो वा भाडामा लिएको हो।भाडामा लिइएको भए कम्तिमा आगामी २ बर्ष सम्म सम्झौता भएको सम्झौता पत्र ।

५. Automated Driving Test Track System (ADTT)कोव्यवस्था भएको छ / छैन ।

६. प्रयोगात्मक परीक्षा स्थलमा ट्राफिक लाईट, सि.सि.क्यामेराको फूटेज हेर्न सकिने प्राविधिक उपकरणको उचित व्यवस्थापन छ/छैन।तस्वीरहरु संलग्न राखी पेश गर्नु पर्नेछ ।

### सवारी साधनको हकमा

७. सेवा प्रदायक संस्थाले सात वर्ष भन्दा पुराना सवारी साधन प्रयोगात्मक परीक्षास्थलमा प्रयोग गर्न पाउने छैन ।

८. सेवा प्रदायक सस्थाले प्रयोगात्मक परीक्षास्थलमा प्रयोग गर्ने सवारी साधन देहाय बमोजिम हुनु पर्ने छ ।

| सि.नं. | सवारीको किसिम | संख्या | आफ्नै स्वमित्वमा भएको वा भाडामा लिइएको | संलग्न राख्नु पर्ने कागजात |
|---|---|---|---|---|
| १ | मोटरसाईकल | ३ थान | | सवारी साधन आफ्नै स्वामित्वमा भएको वा भाडामा लिएको हो सो सँग सम्बन्धित कागजात र सवारी दर्ता प्रमाणपत्रको प्रतिलिपी पेश गर्नुपर्नेछ। |
| २ | स्कुटर | २ थान | | |
| ३ | कार/जिप/डेलिभरी भ्यान को हकमा (कम्तिमा १ थान डेलिभरी भ्यान रहने गरी) | ३ थान | | |
| ४ | मझौला/ठुला सवारी साधन | २ थान | | |

९. प्रयोगात्मक परीक्षा स्थलमा परिक्षार्थी आफैले व्यवस्था गरेको सवारी साधनको प्रयोग गर्ने वा सेवा प्रदायकको सवारी साधन प्रयोग गर्ने सम्बन्धमा परिक्षार्थीको छनौट गर्ने अधिकार हुनेछ । परिक्षार्थी आफैले सवारी साधनको व्यवस्था गरेमा परिक्षार्थी संग सेवा प्रदायक संस्थाले कुनै प्रकारको शुल्क लिन पाउने छैन ।सेवा प्रदायक संस्थाले उपलब्ध गराएको सवारी साधनको प्रति व्यक्ति तपसिलमा उल्लेखित रकममा नबढने गरि लिखित प्रस्तावना पेश गर्नु पर्ने छ।

तपसिल

| क्र.सं. | सवारी साधनको विवरण | भ्याट सहित प्रस्ताव गर्न मिल्ने अधिकतम मुल्य रु. | भ्याट सहित प्रस्तावित अधिकतम मुल्य रु. | कैफियत |
|---|---|---|---|---|
| १. | मोटरसाईकल/स्कुटर/मोपेड | २३८।०० | | |
| २. | कार/जिप/डेलिभरी भ्यान | ४०९।०० | | |
| ३. | टेम्पो/अटोरिक्सा/ई-रिक्सा | ३९५।०० | | |
| ४. | मिनिबस/मिनिट्रक | ५६२।०० | | |
| ५. | बस/ट्रक/लहरी | ५६२।०० | | |
| ६. | ट्रयाक्टर/पावरट्रिलर | ५००।०० | | |

१०. ट्रायल सेन्टरमा कम्तीमा मुल्यसूची सहितको चमेना गृह, शुद्धःखानेपानी, बत्ती, शौचालय, अग्नी नियन्त्रक संयन्त्र, प्राथमिक स्वास्थ्य सामग्री, सेवाग्राही प्रतिक्षालय, पार्किङ्ग स्थल, सवारी साधनको आवतजावतका लागि दोहोरो द्वारको प्रबन्ध र उत्तीर्ण भएका परीक्षार्थीहरुलाई सडक सुरक्षासंग सम्बन्धित सचेतना अभिवृद्धि कक्षा सञ्चालन कक्षको व्यवस्था हुनुपर्नेछ ।